आर्थिक वर्ष २०७५/०७६ को मंसिर महिनाको

# मासिक प्रगति प्रतिवेदन

## २०७५ मंसिर

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
**२०७५**

## प्रगति विवरणको सम्बन्धमा

भूमे गाउँपालिका नेपालको संविधान बमोजिम नेपाल सरकारले मिति २०७३/११/२७ मा पारित गरेको गाउँ/नगर स्वायत्त, संरक्षित वा विशेष क्षेत्रको संख्या र सिमाना निर्धारण आयोगको प्रतिवेदन बमोजिम स्थापना भएको गाउँपालिका हो। स्थानीय तहको निर्वाचन २०७४ को दोस्रो चरण २०७४ असार १४ मा निर्वाचन सम्पन्न भई जननिर्वाचित जनप्रतिनिधिको परिपूर्णताले यस गाउँपालिकाले स्थानीय सरकारको रुप ग्रहण गरी आफ्नो कार्यपालिकीय, व्यवस्थापकीय र न्यायपालिकीय अधिकार प्रयोग र कार्यान्वयन गर्दै आइरहेको छ। चालु आर्थिक वर्षमा पनि गाउँपालिकाले आर्थिक, सामाजिक तथा राजनीतिक उद्देश्य पूरा गर्न वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको छ। चालु आर्थिक वर्ष २०७५/०७६ को मंसिर महिनामा सम्पादन गरेका कामहरुको प्रगतिको सम्बन्धमा आम जानकारी गराउने उद्देश्यले यो मासिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ।

गाउँपालिकाको नियमिति मासिक कर्मचारी बैठकमा प्राप्त प्रतिवेदन तथा समीक्षाको आधारमा यो मासिक प्रतिवेदन तयार गरिएको हो। प्रस्तुत प्रगति प्रतिवेदनमा उल्लिखित गाउँपालिका अन्तर्गतका शाखा/इकाई/केन्द्र र वडा कार्यालयहरुले नियमित सेवा प्रवाह तथा विकास क्रियाकलापको सन्दर्भमा हासिल गरेका प्रगतिहरुलाई संक्षेपमा समेटिएको छ। यस प्रतिवेदनमा उल्लेख गरिएका सूचना तथा तथ्याङ्क, प्रगति विवरण लगायतका जानकारीहरु सम्बन्धित शाखा/कार्यालयबाट उपलब्ध गराइएका सूचनाका आधारमा प्रस्तुत गरिएको छ।

एक महिनाको अवधिमा गाउँपालिकाले हासिल गरेका प्रगति र उपलब्धिको प्रतिवेदनले गाउँपालिकाको गतिविधिको बारेमा सरोकार राख्ने जोसुकैलाई टेवा पुग्ने विश्वास कार्यालयले लिएको छ। यसैगरी जिम्मेवार कर्मचारी र पदाधिकारीहरुलाई पनि यस प्रतिवेदनले तथ्यगत जवाफ दिन, पेशागत सबलता र थप जिम्मेवार र उत्तरदायी बनाउन मद्दत गर्ने कुरामा पनि विश्वास गरिएको छ।

अन्तमा, यो प्रतिवेदन तयार गर्न तोकिएको समयसीमामा कार्यसम्पादन गरी समयमै प्रतिवेदन उपलब्ध गराउने गाउँपालिका अन्तर्गतका शाखा/इकाई प्रमुख तथा कार्यरत कर्मचारीहरु धन्यवादको पात्र हुनुहुन्छ। आगामी दिनमा पनि सम्बन्धित कर्मचारीहरुमा यसैगरी जिम्मेवार बनी समयमै तोकिएको क्रियाकलाप सम्पन्न गरी समयावधिभित्रै प्रगति प्रतिवेदन उपलब्ध हुने विश्वास लिइएको छ।

*चन्द्रसिंह श्रेष्ठ*
*प्रमुख प्रशासकीय अधिकृत*

.....

# विषय सूची


प्रगति विवरणको सम्बन्धमा ........ iii

परिच्छेद एकः पृष्ठभूमि ........ 1

१.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ 1

१.२ दीर्घकालीन सोंच/दृष्टिकोण ........ 2

१.३ लक्ष्यः ........ 2

१.४ उद्देश्यः ........ 2

१.५ रणनीतिः ........ 3

१.६ प्राथमिकताहरुः ........ 4

१.७ कार्य क्षेत्र ........ 5

१.८ गाउँपालिकाको दरबन्दी तथा संगठन संरचना ........ 6

परिच्छेद दुईः चालु आर्थिक वर्षको मंसिर महिनाको समग्र प्रतिवेदन ........ 7

२.१ नियमित सेवा प्रवाह ........ 7

२.२ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ........ 7

२.३ मंसिर महिनामा भएका भुक्तानी विवरण ........ 8

२.४ आन्तरिक राजस्व परिचालन ........ 8

२.४.१ यस महिनामा आन्तरिक राजस्व संकलनको अवस्थाः ........ 9

२.४.२ आन्तरिक राजस्व संकलनमा देखिएका समस्याहरुः ........ 10

२.४.३ राजस्व संकलनमा सुधारका सम्भावनाहरुः ........ 10

परिच्छेद तीनः शाखा/इकाइगत प्रगति प्रतिवेदनः ........ 11

३.१ प्रशासन, योजना तथा अनुगमन शाखा ........ 11

३.२ पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा ........ 11

३.३ सामाजिक तथा आर्थिक विकास शाखा ........ 11

३.३.१ कृषि सेवा केन्द्र ........ 11

३.३.२ पशु सेवा केन्द्र ........ 12

३.३.३ स्वास्थ्य ........ 13

३.४ शिक्षा, यूवा तथा खेलकूद शाखा ........ 13

परिच्छेद चारः विविध ........ 14

३.१ नियमित स्टाफ मिटिङको प्रतिवेदन (मिति २०७५ पौष ५ गते) ..... 14

परिच्छेद तीनः समस्या तथा चुनौति र अवसरहरु..... 21

३.१ सबल पक्ष..... 21

३.२ कमजोर पक्ष..... 21

३.३ अवसर..... 22

३.४ चुनौति..... 22

परिच्छेद चारः निश्कर्ष र सुझाव..... 23

४.१ निश्कर्षः ..... 23

४.२ सिफारिशः ..... 23

# परिच्छेद एकः पृष्ठभूमि

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

भूमे गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिकाहरु मध्ये एक स्थानीय तह हो। नेपालको ५ नं. प्रदेश रुकुम (पूर्व) जिल्लामा पर्ने भूमे गाउँपालिकामा साविकका महत, काँक्री, मोराबाङ, काँडा, चुनबाङ गरी ५ गा.वि.स.हरु र साविकको रुकुमकोट गा.वि.स.को वडा नं. ४ समेत समावेश भएका छन्। २७३.६७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस भूमे गाउँपालिकाको जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार १८,५८९ रहेको छ। यस गाउँपालिकाको पूर्वमा बागलुङ जिल्ला, पश्चिममा सिस्ने गाउँपालिका र मुसिकोट नगरपालिका, उत्तरमा पुथा उत्तरगंगा गाउँपालिका तथा दक्षिणमा रोल्पा जिल्ला रहेका छन् । ९ वटा वडा कार्यालयहरु रहेको यस भूमे गाउँपालिकाको केन्द्र साविक मोराबाङ गा.वि.स.को कार्यालय तोकिएकोमा गाउँसभाको सिफारिश तथा नेपाल सरकारको निर्णयानुसार केन्द्र परिवर्तन भई राजपत्रमा प्रकाशन भएपछि हाल भूमे गाउँपालिका वडा नं. २ स्थित खाबाङ बजारमा रहेको छ।

स्थानीय तहको निर्वाचन-२०७४ को दोस्रो चरणमा २०७४ साल असार १४ गते यस गाउँपालिकामा स्थानीय तहको निर्वाचन भएसँगै स्थानीय सरकारले पूर्णता पाएको छ। गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा वडा समितिका सदस्यहरुले सपथ ग्रहण तथा पदभार ग्रहण गरेपछि गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट जनप्रतिनिधिहरुको उपस्थितिमा सेवा प्रवाह लगायतका कार्यहरु भैरहेका छन्। गाउँ सभा, गाउँ कार्यपालिका, न्यायिक समिति तथा विषयगत समितिहरुको निर्वाचन/मनोनयन सम्पन्न भई स्थानीय सरकारका सबै अङ्गहरु क्रियाशील भैरहेको अवस्था छ।

अधिकांश मगर समुदायको बाहुल्यता रहेको यस गाउँपालिकाको नामाकरण पनि स्थानीय मगर संस्कृति अनुसार प्रत्येक वर्षको असार १ गतेका दिन भूमिलाई पूजा गरिन्छ। भूम्या पूजाको दिन गाउँमा वर्षभरिको आयव्ययको प्रस्तुत गरी गाउँको मुख्य प्रतिनिधि र संबाहक (मिझार) परिवर्तन गर्ने तथा भूमिमा अझै उत्पादन बढोस् भनेर गाउँटोल अनुसार ३ देखि ७ दिनसम्म विशेष रुपमा मनाइने पर्व भएकाले सोही पर्वको नाम भूम्याबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो। यसर्थ भूमे गाउँपालिका मगरहरुको Live Culture, परम्परागत भाषा संस्कृति, पर्व, विभिन्न नाच आदिका कारण अनेकतामा एकता भएको सांस्कृतिक रुपमा धनी गाउँपालिका हो। खासगरी नगदे बालीमा आधारित कृषि क्षेत्रको लागि प्रचुर सम्भावना रहेको, वन तथा वातावरणको पर्याप्त स्रोत रहेको, साना उद्योगको सम्भावना रहेको, प्राकृतिक तथा कृत्रिम पर्यटन (युद्ध पर्यटन) को अधिक सम्भावना रहेको, मध्यपहाडी लोकमार्गले बीचैबाट छेडेको, व्यापारिक सम्भावनाहरु, सहयोगी समान लगायतका कारणले भूमे गाउँपालिकामा स्रोत र साधनको व्यवस्थित परिचालन र अधिकतम उपयोग गर्न सकेको खण्डमा गाउँपालिकाको समृद्धि धेरै टाढा छैन।

**गाउँपालिकाको वडागत तथ्याङ्कीय विवरण (२०६८ को जनगणना अनुसार)**

| वडा नं. | महिला | पुरुष | जम्मा | घरधुरी संख्या | साविक गाविस तथा वडा | क्षेत्रफल (ब.कि.मि.) |
|---|---|---|---|---|---|---|
| १ | १३३२ | ११०८ | २४४० | ५४२ | काँक्री (४-७,९) | ७९.९५० |
| २ | १२०७ | १०४६ | २२५३ | ४६६ | काँक्री (१-३, ८) | ३०.४४७ |
| ३ | १३२५ | १११७ | २४४२ | ५१२ | मोराबाङ (१-९) | २०.८४७ |
| ४ | ६९८ | ५९८ | १२९६ | २७१ | काँडा (१-३, ८) | १६.९०५ |
| ५ | ७०३ | ५६२ | १२६५ | २७२ | काँडा (४-७) | १९.१८९ |
| ६ | १००३ | ८३४ | १८३७ | ३७१ | महत (१,२, ९) | २०.५९५ |
| ७ | ८०८ | ७०८ | १५१६ | ३२० | महत (३-६) | २६.७९७ |
| ८ | १३२५ | ११०१ | २४२६ | ४७२ | महत (७,८) र रुकुमकोट (४) | २०.५९५ |
| ९ | १७४५ | १३६९ | ३११४ | ६०९ | चुनबाङ (१-९) | ३८.६८२ |
| जम्मा | **१०१४६** | **८४४३** | **१८५८९** | **३८६५** | | **२७३.६७** |

## १.२ दीर्घकालीन सोंच/दृष्टिकोण

ग्रामीण अर्थतन्त्रलाई बढावा दिँदै आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्दै नेपालको संविधानले परिकल्पना गरेको समाजवादमा पुग्नका लागि योगदान गर्ने ।

## १.३ लक्ष्यः

१. सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र गतिविधिमा सुशासनको प्रत्याभूति दिलाउने ।

२. सर्वाङ्गीण विकास मार्फत स्थानीय तहको सरकारको प्रभावकारिता अभिवृद्धि तथा जीवनस्तर सुधारको अनुभूति दिलाउने ।

३. आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माण गरी स्वच्छ प्रतिष्पर्धात्मक अर्थव्यवस्था निर्माण गर्ने ।

## १.४ उद्देश्यः

१. गाउँपालिकाबाट प्रवाह हुने सेवामा आम जनताको पहुँच स्थापित गरी सुशासन प्रवर्द्धन गर्ने,

२. पूर्वाधार लगायतका विकासमा स्थानीय सहभागिता जुटाई छिटो सम्पन्न गरी अपनत्वको विकास गरी दिगो बनाउने,

३. लैंगिक समताका लागि समावेशीकरण, विकासका अन्तरसम्बन्धित पक्षहरुको सम्बोधनबाट सारभूत समानताको लागि आधार तयार गर्ने,

४. आर्थिक तथा सामाजिक विकासको माध्यमबाट गाउँपालिकाबासीको जीवनस्तर सुधार गर्ने,

५. स्थानीय तहको सरकारको प्रभावकारिता अभिवृद्धि गरी संविधान कार्यान्वयनमा सहयोग गर्ने,

६. आर्थिक सामाजिक विकासका संभावनाहरुको खोजी गरी कार्यान्वयनको उपयुक्त व्यवस्था मिलाउने,

७. स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत दिगो, समावेशी र उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने,

८. आर्थिक स्थायित्व कायम गर्ने तथा लगानीको वातावरण निर्माण गर्ने,

### १.५ रणनीतिः

१. सुशासन र गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिकाको संगठनात्मक सुदृढीकरण, क्षमता अभिवृद्धि एवं मानव विकासमा जोड दिई आवश्यकताहरुलाई न्यायोचित प्राथमिकताका आधारमा सम्बोधन गर्ने सक्षम स्थानीय सरकारको विकास गर्ने।

२. विकास क्रियाकलापहरुमा स्थानीय सहभागिता जुटाउन समुदायमा आधारित विकासको अवधारणा अनुरुप निर्माण, सञ्चालन, व्यवस्थापन तथा अनुगमन मूल्याङ्कनमा सरोकारवालाहरुलाई नै परिचालन गर्ने।

३. संघीय संरचना, समावेशी लोकतन्त्र र निक्षेपणको अवधारणा अनुरुप संघीय सरकार र प्रादेशिक सरकारसँग अन्तरसम्बन्ध एवं राजनीतिक, प्रशासनिक, न्यायिक तथा वित्तीय अधिकार र उत्तरदायित्व सुनिश्चित गर्ने,

४. स्थानीय अर्थतन्त्र मजबुट बनाउने गरी स्थानीय मौलिक विशेषतामा आधारित प्रकृति, संस्कृति र कृत्रिम पर्यटनलाई प्रवर्द्धन गरी समुदायको जीविकास्तर माथि उठाउने।

५. सामुदायिक शिक्षालाई सबैको लागि शिक्षा र गुणस्तरीय शिक्षाको रुपमा अभिवृद्धि गर्ने।

६. स्वास्थ्य संस्थाहरुको विस्तार र सुदृढिकरण गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै स्वास्थ्यमा सबैको पहुँच र गुणस्तरको वृद्धि गर्ने ।

७. लैङ्गिक, समतामुखी र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्ने।

८. स्थानीय साधन स्रोतमा आधारित घरेलु तथा साना उद्योगहरुलाई प्रवर्द्धन तथा साना उद्योग खोली ग्रामीण औद्योगिकरणको प्रक्रियाबाट औद्योगिकरणमा प्रवेश गर्ने।

९. स्थानीय भाषा, भाषा, कला संस्कृतिहरुको संरक्षण र प्रवर्द्धनका लागि अनुकुल वातावरण तयार गरी पर्यटन प्रवर्द्धन मार्फत स्थानीय अर्थतन्त्रमा जोड दिने ।

१०. यूवाहरुको विषयगत दक्षता, प्राविधिक दक्षता, युवा उद्यमी प्रवर्द्धन गर्ने तथा खेलकूद क्षेत्रमा प्रोत्साहित गर्ने सहजीकरण गर्ने।

### १.६ प्राथमिकताहरुः

चालु आर्थिक वर्ष २०७५/०७६ मा गाउँपालिकाको लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका क्षेत्रहरुलाई प्राथमिकतामा राखिएको छः

(क( आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान,

(ख( छिटो प्रतिफल प्राप्त गर्न सकिने उत्पादन र उत्पादकत्वमा वृद्धि,

(ग( जनताको जीवनस्तर, आम्दानी र रोजगारी वृद्धि र सहकारिता,

(घ( स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन,

(ङ( स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग,

(च( महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ,

(छ( लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि,

(ज( दीगो विकास, जलवायु परिवर्तन अनुकूलन र वातावरणीय संरक्षण तथा सम्बर्दन,

(झ( भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि,

(ञ) स्थानीय सडकको निर्माण र स्तरोन्नति, पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,

(ट) संस्थागत विकास तथा शासकीय सुधार,

(ठ) सूचना तथा संचार प्रविधिको विकास र गुणस्तर,

(ड) लघु तथा साना जलविद्युत उत्पादन, प्रसारण र वितरण,

(ढ) शिक्षा, स्वास्थ, खानेपानी र सरसफाई ।

### १.७ कार्य क्षेत्र

नेपालको संविधानको अनुसूची – ८ मा उल्लेख भए बमोजिम यस गाउँपालिकाको अधिकार सूची/कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्:

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम. सञ्चालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत), दण्ड जरिवाना, मोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्याङ्क र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत र माध्यामिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२ | गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घरजग्गा धनी पुर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्याङ्क संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा |
| २० | विपद् व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानेपानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

## १.८ गाउँपालिकाको दरबन्दी तथा संगठन संरचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/१२/१४ को निर्णयबाट स्वीकृत स्थानीय तहको दरबन्दी संरचना (२५ हजार भन्दा कम जनसख्या) बमोजिम निम्नअनुसारको प्रशासनिक संरचना रहेको छः



# परिच्छेद दुईः चालु आर्थिक वर्षको मंसिर महिनाको समग्र प्रतिवेदन

## २.१ नियमित सेवा प्रवाह

**आर्थिक वर्ष २०७४/०७५ मा गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट भएका सिफारिश, प्रमाणित लगायत सेवा प्रवाहको संख्यात्मक विवरण**

| वडा नं. / सेवाको प्रकार | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नयाँ नागरिकता सिफारिश | १४ | २४ | १० | ३ | ७ | ५७ | २८ | १८ | ८ | १६९ |
| नाबालक परिचयपत्र सिफारिश | ० | - | ० | - | - | - | - | - | - | ० |
| नागरिकता प्रतिलिपी | ४ | - | ३ | - | - | - | - | ११ | - | १८ |
| मालपोत सिफारिश | १५ | - | - | - | - | - | - | - | - | १५ |
| पसल व्यवसाय दर्ता/नवीकरण सिफारिश | - | - | १ | २ | | १ | - | - | १ | ५ |
| घरबाटो प्रमाणित सिफारिश | - | - | - | - | - | | - | - | - | ० |
| जग्गा नामसारी सिफारिश | - | - | - | - | - | - | - | - | - | ० |
| अन्य सिफारिश | ४५ | १ | १४ | ८ | २० | २६ | १२ | १६ | २० | १६२ |
| नाता प्रमाणित | ८ | ० | - | २ | ० | - | ३ | १ | ७ | २१ |
| अन्य प्रमाणित | ० | २ | - | - | - | २४ | १३ | ५ | ६ | ५० |
| वडा समितिको बैठक | - | - | - | - | - | - | - | - | ३ | ३ |
| अन्य बैठक तथा समन्वय | - | १ | - | - | - | - | - | - | - | १ |
| योजना अनुगमन | - | - | - | - | - | - | - | - | ३ | ३ |
| अन्य अनुगमन | - | - | - | | - | - | - | - | - | ० |
| व्यक्तिगत घटना दर्ता | २१ | ३४ | ६ | ७ | १४ | २५ | २८ | ३८ | २७ | २०० |
| विविध | | | | | ५ | | | | १ | ६ |

## २.२ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा

| समय | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाई सराई | | | सम्बन्ध बिच्छेद दर्ता संख्या | कुल दर्ता संख्या | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | | | |
| ३५ दिनभित्र | 1 | 2 | 3 | 2 | 2 | 4 | 1 | १ | 1 | 0 | 0 | ९ | |
| १ वर्ष भित्र | 18 | 9 | 27 | 0 | 6 | 6 | 10 | १ | 1 | 0 | 0 | ४४ | |
| १ वर्ष पछि | 60 | 52 | 112 | 4 | 7 | 11 | 20 | ४ | 4 | 0 | 0 | १४७ | |
| **जम्मा** | **79** | **63** | **142** | **6** | **15** | **21** | **31** | **6** | **6** | **0** | **0** | २०० | |

*कुल घटना दर्ता संख्याः २००*

## २.३ मंसिर महिनामा भएका भुक्तानी विवरण

| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | भुक्तानी रकम | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | पञ्चे बाजा संरक्षण | भूमे गापा १ | ५०,०००।- | २०७५।०८।०२ | |
| २ | मैकाडा बाटो सोइलिङ | भूमे ८ | १,२०,०००।- | २०७५।०८।०२ | |
| ३ | खुङखोला पेढी चेप्री काठेपुल | भूमे ९ | ९६,०००।- | २०७५।०८।०३ | |
| ४ | चुनेलाखोला काठेपुल | भूमे ९ | ९६,०००।- | २०७५।०८।०३ | |
| ५ | खेलमैदान | भूमे ८ | २,४०,०००।- | २०७५।०८।०३ | |
| ६ | ताम्दै खेलमैदान निर्माण | भूमे ८ | १,२०,०००।- | २०७५।०८।०४ | |
| ७ | भलाबोट बाटो सोइलिङ | भूमे ८ | ७२,०००।- | २०७५।०८।०४ | |
| ८ | आ.वि.दुवाचौर बालमैत्री धारा निर्माण | भूमे ९ | १,२०,०००।- | २०७५।०८।०५ | |
| ९ | भवानी थान निर्माण | भूमे ६ | ६०,०००।- | २०७५।०८।१८ | |
| १० | दलित वस्ती एक घर एक फिल्टर | भूमे ५ | २,३७,०००।- | २०७५।०८।१८ | |
| ११ | बालमैत्री धारा तथा शौचालय निर्माण | भूमे ९ | १,८०,०००।- | २०७५।०८।१९ | |
| १२ | खेलमैदान निर्माण | भूमे ८ | १,२०,०००।- | २०७५।०८।१९ | |
| १३ | मेलमिलाप सम्बन्धी ४८ घण्टे तालिम | | ४,९७,४६६।- | २०७५।०८।१९ | |
| १४ | कुनपानी खोला काठेपुल निर्माण | भूमे ६ र ८ | १,६९६००।- | २०७५।०८।१९ | |
| १५ | दोमही खोला काठेपुल निर्माण सिमचौर | भूमे ९ | ९६,०००।- | २०७५।०८।१९ | |
| १६ | ढ्याङ्ग्रो मोहर्ने खोला काठेपुल निर्माण | भूमे ९ | ९६,०००।- | २०७५।०८।१९ | |
| १७ | धानछहरेखोला काठेपुल निर्माण | भूमे ९ | ९६,०००।- | २०७५।०८।१९ | |
| १८ | छिसमिरेखोला काठेपुल निर्माण | भूमे ९ | १,०८,०००।- | २०७५।०८।२० | |
| १९ | लुङझुङखोला काठेपुल निर्माण | भूमे ९ | १,०८,०००।- | २०७५।०८।२० | |
| २० | कालिका थान व्यवस्थापन | भूमे ६ | ६०,०००।- | २०७५।०८।२० | |
| २१ | कार्यालय सामाग्री तथा चुनबाङ इ.प्र.का. | भूमे ९ | ७८,९५०।- | २०७५।०८।२० | |
| २२ | खेलमैदान घेराबार निर्माण | भूमे | २,४०,०००।- | २०७५।०८।२१ | |

## २.४ आन्तरिक राजस्व परिचालन

चालु आर्थिक वर्ष २०७५/०७६ को मंसिर महिनामा गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा र अन्तर्गतका वडा कार्यालयहरुबाट कूल रु. आन्तरिक राजस्व संकलन भएको छ। जसमध्ये स्थानीय सञ्चित कोषमा दाखिला हुने रु. र प्रदेश सरकारसँग बाँडफाँड हुने रकम रु . रहेको छ।

### २.४.१ यस महिनामा आन्तरिक राजस्व संकलनको अवस्था:

| रा.शी.नं | राजस्व शीर्षक | गाउँ पा लका | १ नं. | २ नं. | ३ नं. | ४ नं. | ५ नं. | ६ नं. | ७ नं. | ८ नं. | ९ नं. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 0 | सम्पत्ती कर | 0 | 0 | 820 | | | | | | | | ८२० |
| 0 | घरबहाल कर | 0 | 0 | 3600 | | | | | | | | ३६०० |
| 0 | घरजग्गा रजिष्ट्रेशन शुल्क | 0 | 0 | | | | | | | | | ० |
| 0 | सवारी साधन कर | 0 | 0 | | | | | | | | | ० |
| 0 | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | 99666 | 0 | | | | | | | | | ९९६६६ |
| 0 | दस्तुर (स्थानीय तहबाट हुने सफारिस लगायतमा) | 18600 | 19700 | 6000 | 8875 | 7550 | 4050 | 1685 | 15605 | 15550 | 19150 | ११६७६५ |
| 0 | पर्यटन शुल्क | 0 | 0 | | | | | | | | | ० |
| 0 | वज्ञापन कर | 0 | 0 | | | | | | | | | ० |
| 0 | व्यवसाय कर | 3450 | 0 | | 1000 | | 1500 | | | | | ५९५० |
| 0 | भू मकर (मालपोत) | 0 | 0 | 13166 | | 6724 | 15413 | | 38702 | 2287 | | ७६२९२ |
| 0 | दण्ड जरिवाना | 0 | 0 | | | | | | | | | ० |
| 0 | मनोरञ्जन कर | 0 | 0 | | | | | | | | | ० |
| 0 | मालपोत संकलन | 0 | 0 | | | | | | | | | ० |
| 0 | बहाल वटौरी घर जग्गा कर | 0 | 0 | | | | | | | | | ० |
| 0 | ज डबुटी, काठ, जीवजन्तु कर | 0 | 0 | | 7500 | | | | | | | ७५०० |
| 0 | प्राकृतिक स्रोत साधन व्यवसायिक कर | 0 | 0 | | | | | | | | | ० |
| 0 | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | 0 | 0 | | | | | | | | | ० |
| 0 | ऋण लगानीबाट प्राप्त व्याज आय | 0 | 0 | | | | | | | | | ० |
| 0 | अन्य | 4500 | 0 | | | | 2190 | | | 4250 | | १०९४० |
| | जम्मा | 126216 | 19700 | 23586 | 17375 | 14274 | 23153 | 1685 | 54307 | 22087 | 19150 | 321533 |

### २.४.२ आन्तरिक राजस्व संकलनमा देखिएका समस्याहरुः

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहलाई प्राप्त स्थानीय कर सम्बन्धी अधिकारहरुको कार्यान्वयन गरी आन्तरिक राजस्व संकलनमा यस गाउँपालिकामा देहायका समस्याहरु देखिएका छन्-

- आम नागरिकमा कर सम्बन्धी समान धारणा नहुनु र कर तिर्ने तत्परतामा कमीका कारण वैज्ञानिक र वस्तुगत कर प्रणाली लागू गर्न कठिनाई भएको ।
- कर र मृत्यु शाश्वत सत्य हुन: कानून बमोजिमको कर तिर्नु प्रत्येक व्यक्तिको कर्तव्य हो भन्ने धारणाको वकास हुन नसक्दा सबै व्यवसायी र करदातालाई करको दायरामा लन नस कएको ।
- व्यवसायीहरु कर तिर्न अनिच्छुक भएकाले व्यवसाय दर्तामा कठिनाई भएको ।
- प्रगतिशील एवं समतामूलक करका सद्धान्तहरु लागू गर्न नस कएको । समान करको सद्धान्त अनुसार को कर प्रणाली लागू गरिँदा वपन्न वर्ग मर्कामा परिरहेको तर सम्पन्न वर्गबाट क्षमता अनुसारको राजस्व संकलन हुन नसकेको ।
- वडा कार्यालयहरुमा दरबन्दी अनुसार कर्मचारी नहुँदा राजस्व संकलनको कार्य अपे क्षत गतिमा अघि बढ्न नसकेको ।
- बैं कङ सु वधा नहुँदा संक लत राजस्व समयमै गाउँपा लकाको सञ्चित कोषमा दा खला हुन नसकेको ।
- राजस्व संकलनका ला ग सफ्टवेयर प्रणाली प्रयोग हुन नसक्दा सदुपयोग र प्रतिवेदनमा चुनौति सृजना भएको ।
- केही वडाका जनप्रतिनि ध र कर्मचारी पूर्ण रुपमा जिम्मेवार र स क्रय नहुँदा राजस्व संकलन कार्यमा अपे क्षत नतिजा आउन नसकेको ।
- हामीले तिरेको कर हाम्रै ला ग हो भन्ने धारणा आम सर्वसाधारणमा पुर्‍याउन नस कएको ।
- करको दायरा फरा कलो पार्न नस कँदा राजस्वको लक्ष्य अपे क्षत रुपमा हा सल गर्न नस कएको ।

### २.४.३ राजस्व संकलनमा सुधारका सम्भावनाहरुः

- गाउँपालिकामा व्यवसाय कर संकलन निर्देशिका, २०७४ जारी भएकाले कार्यान्वयनमा सहजता पैदा भएको ।
- अघिल्ला वर्षहरुमा करदाताबाट कर संकलन गर्न कर गर्नुपरेको भएता पनि चालु आर्थिक वर्षमा करदाताहरु विस्तारै कर तिर्ने बानीको विकास भएको ।
- करदाताहरुमा क्रमिक रुपमा कानून बमोजिमको कर तिर्नुपर्छ भन्ने चेतनाको विकास हुँदै गएको ।
- वडा कार्यालय लगायत राजस्व संकलन गर्ने निकायबाट जिम्मेवारी निर्वाह गरी तोकिएको अवधिभित्र राजस्व दाखिला गर्ने बानीको विकास हुँदै गएको ।
- करका दर, क्षेत्र, सिद्धान्त र दायरा सम्बन्धमा विभिन्न तालिम एवं अभिमुखीकरण गोष्ठीहरु सञ्चालन गर्न सकेमा राजस्व संकलनमा टेवा पुग्ने देखिएको ।
- राजस्व संकलन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी तुल्याउन सफ्टवेयर खरिद गरिएको ।

# परिच्छेद तीनः शाखा/इकाइगत प्रगति प्रतिवेदनः

## ३.१ प्रशासन, योजना तथा अनुगमन शाखा

- परिचयपत्र सबैको तयार भएको
- सामाजिक सुरक्षा लाभग्राहीको अद्यावधिक भैरहेको
- योजना सम्झौता र भुक्तानी भैरहेको
- प्रथम चौमासिकका अधिकांश योजनाहरु सम्पन्न भई दोस्रो चौमासिक योजनाहरुको सम्झौता र कार्यान्वयन भैरहेको

## ३.२ पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

हालसम्म सम्झौता भएका योजना ७३

काम सम्पन्नः

काम भैरहेका योजनाहरुः

## ३.३ सामाजिक तथा आर्थिक विकास शाखा

### ३.३.१ कृषि सेवा केन्द्र

**क) आयोजनाः  कृषि प्रसार तथा बाली विकास कार्यक्रम -**

| *क्रस.* | *कार्यक्रम विवरण* | *कार्य लक्ष्य* | | *प्रगति* | *कैफियत* |
|---|---|---|---|---|---|
| | | *एकाई* | *परिमाण* | | |
| १ | साना सिचाई निवेदन संकलन | गोटा | ३ | १ | निवेदन संकलन भइरहेको |
| २ | औजार उपकरण वितरण कार्यक्रम | संख्या | १३२ | | माग संकलन भइरहेको |
| ३ | हिउदे बर्खे फलफुल तथा बगैचा संथापना | हेक्टर | २० | | बिरुवा माग संकलन भइरहेको |
| ४ | हिउदे तथा बर्खे नर्सरी स्थापना | संख्या | ४ | | स्याउ र ओखरको बिउ व्यवस्थापन भइरहेको |
| ५ | ५० प्रतिशत अनुदानमा आलु बिउ वितरण | हेक्टर | ३० | | आलु बिउ माग संकलन भइरहेको |
| ६ | तरकारी खेतीको लागी पालास्टिक टनेल वितरण | गोटा | ४३ | ३५ | माग संकलन भइरहेको |
| ७ | तरकारी कम्पोजिट किट वितरण | संख्या | ३०० | १०००० | |

**ख) आयोजनाः -एकिकृत कृषि अनुसन्धान केन्द्र फारम व्यवस्थापन मारीङ**

| क्र.स. | कार्यक्रम विवरण | कार्य लक्ष्य | | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | | |
| १ | अफिस क्वाटर गोठ निर्माण | संख्या | १ | २ | स्टमेट बन्दै गरेको गोरुगोठ निर्माण भएको |
| २ | आलुफलफुल बिउ विरुवा ,तरकारी , व्यवस्थापन | संख्या | ६० | | आलु विरुवा व्यवस्थापन भइरहेको |

## ग) आयोजनाः -स-शरत् अनुदान कार्यक्रम

| क्र.स.. | कार्यक्रम विवरण | कार्य लक्ष्य | | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | | |
| १ | सहकारी साना सिचाइ तथा मल बिउ ढुवानी | संख्या | ४ | ४ | |
| २ | कृषि पाठशाला कार्यक्रम | संख्या | २ | २ | |

### ३.३.२ पशु सेवा केन्द्र

**मंसिर महिनाको मुख्य मुख्य मासिक प्रगति प्रतिवेदन**

| क्रियाकलाप | इकाई | यस महिनाको | यस महिना सम्मको | जम्मा प्रगति | गाई | भैंसी | बाख्रा | भेडा | बंगुर/सुंगुर | कुखुरा | अन्य | लाभान्वित महिला | लाभान्वित पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पशु उपचार | | 944 | 1015 | 1959 | 30 | 81 | 298 | 13 | 31 | 491 | 0 | 109 | 76 | 944 |
| मेडिकल उपचार | संख्या | 14 | 0 | 14 | 2 | 4 | 2 | 0 | 3 | 3 | 0 | 3 | 2 | 14 |
| माइनर सर्जिकल उपचार | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| गाइनाकोलोजिकल उपचार | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| पशु बन्ध्याकरण | " | 1 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 |
| पशु खोप | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| HSBQ खोप | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| खोरेत | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| राखीखेत | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| गम्बारे | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| रोग निदान | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| गोबर परीक्षण | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| छाला परीक्षण | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| अन्य | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| फार्म संख्या | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| नर्म्स अनुसार रहेको | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| नर्म्स अनुसार नरहेको | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| तालिम कार्यक्रम | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सेवा केन्द्र स्तरीय | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| जिल्ला स्तरीय | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| क्षेत्र स्तरीय | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| समूह विवरण | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| महिला | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| पुरुष | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| मिश्रित | " | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| जम्मा | | 959 | 1015 | 1974 | 33 | 85 | 300 | 13 | 34 | 494 | 0 | 112 | 79 | 959 |

### ३.३.३ स्वास्थ्य

- मंसिरको पहिलो हप्तामा विद्यालयमा जुकाको औषधी वितरण
- भ्याक्सिनेटर र अहेबहरुको करार नियुक्ति प्रक्रिया सम्पन्न
- सबै स्वास्थ्य चौकीहरुको भौतिक सामाग्रीहरु खरिद तथा वितरण सम्पन्न
- पाठेघर स्क्रिनिङ औजार खरिद भैसकेको माघ महिनामा शिविर सञ्चालन गर्ने योजना
- मंसिर ५ मा स्वयंसेविका दिवस मनाइसकिएको
- मंसिर ८, ९ र १० मा रुकुमकोटमा हुने बन्ध्याकरण शिविर अगावी मस्वासेहरुको बैठक सम्पन्न

## ३.४ शिक्षा, यूवा तथा खेलकूद शाखा

- मंसिरमा घुम्ति प्रअ बैठक १ त्रिभूवन आवि खाबाङमा
- ७ ठाउँमा पढाई मेला सम्पन्न
- १ विव्यस गठन

# परिच्छेद चारः विविध

## ३.१ नियमित स्टाफ मिटिङको प्रतिवेदन (मिति २०७५ पौष ५ गते)

*मितिः २०७५/०९/०५*
*समयः दिउँसो १:०० बजे*
*स्थानः भूमे गाउँ कार्यपालिकाको कार्यालयको बैठक कक्ष*

यस भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठज्यूको अध्यक्षतामा तथा गाउँपालिकाका अध्यक्ष श्री रामसुर बुढा मगरज्यूको विशेष उपस्थितिमा मासिक नियमित स्टाफ बेठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो।

**तपसिल**

| क्र.सं. | नामथर | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| २ | श्री जसीराम खड्का | वडा सचिव ना.सु. | वडा नं १ |
| ३ | श्री मस्त बहादुर रोका | वडा सचिव नासु | वडा नं ९ |
| ४ | श्री जनक ओली | सूचना प्रविधि अधिकृत | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ५ | श्री नरेन्द्र दाहाल | स्रोत व्यक्ति | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ६ | श्री खिम बहादुर रोकाय | प्रा.स. कृषि | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ७ | श्री लाल बहादुर वली | स्वास्थ्य उपसंयोजक | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ८ | श्री निलध्वज पाण्डेय | खरिदार | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ९ | श्री आशाराम पुन मगर | खरिदार | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| १० | श्री लक्ष्मण खत्री | खरिदार | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ११ | श्री ओम प्रकाश वि.क. | प्रशासन तथा लेखा सहायक | वडा नं. ३ |
| १२ | श्री लजिम प्रसाद बुढा | प्रशासन तथा लेखा सहायक | वडा नं. ४ |
| १३ | श्री भिम प्रसाद नेपाली | प्रशासन तथा लेखा सहायक | वडा नं. ५ |
| १४ | श्री विकास रोका मगर | प्रशासन तथा लेखा सहायक | वडा नं. ७ |
| १५ | श्री जया कुमारी बुढा | प्रशासन तथा लेखा सहायक | वडा नं. ८ |

**विशेष उपस्थितिः**

| क्र.सं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री रामसुर बुढा मगर | अध्यक्ष | भूमे गाउँ कार्यपालिकाको कार्यालय |

| मितिः २०७५।०९।०५ स्टाफ मिटिङ | |
|---|---|
| **अघिल्लो एजेण्डा** | **आजको एजेण्डा** |
| १. प्रगति प्रतिवेदन<br>२. प्रथम चौमासिक प्रगति सम्बन्धमा<br>३. दोस्रो चौमासिक योजना कार्यान्वयन सम्बन्धमा<br>४. सेवा प्रवाहको गुणस्तर निर्धारण सम्बन्धमा<br>५. बेरुजु फछ्यौंट<br>६. प्रतिवेदनको नियमितता सम्बन्धमा<br>७. प्रोफाइल अद्यावधिक सम्बन्धमा | १. मासिक प्रगति प्रतिवेदन र समीक्षा<br>२. दोस्रो तथा तेस्रो चौमासिक योजना कार्यान्वयन सम्बन्धमा (अनुगमन तथा मूल्याङ्कन)<br>३. विद्युतीय सुशासन, सूचना प्रवाह तथा परिचालन सम्बन्धमा<br>४. लक्षित वर्गको योजना कार्यान्वयन<br>५. कर्मचारी तथा जनप्रतिनिधिहरुको व्यैक्तिक विवरण अद्यावधी<br>६. समायोजनका लागि डेस्क स्थापना सम्बन्धमा |

निर्णयहरुः

**निर्णय नं.१**

वडा तथा विषयगत शाखाको तपशिल बमोजिमको मासिक प्रगति प्रतिवेदन र समीक्षा गरियो ।

तप शल:

| शाखा/इकाई | मुख्य मुख्य काम | प्रतिवेदन |
|---|---|---|
| प्रशासन योजना | • योजना सम्झौता र भुक्तानी भैरहेको<br>• प्रथम चौमासिकका अधिकांश योजनाहरु सम्पन्न भई दोस्रो चौमासिक योजनाहरुको सम्झौता र कार्यान्वयन भैरहेको<br>• आवश्यकता माग संकलन भैरहेको | |
| आ.प्र. | • राजस्व शीर्षकका आधारमा रिपोर्ट आएको छैन जसले गर्दा छुट्याउन गाह्रो ।<br>• हालसम्म भएका खर्च लेखा खर्च संकेत बमोजिम अभिलेख गरिएको ।<br>• प्रथम चौमासिकको प्रगति तयारी । दोस्रो चौमासिक योजना कार्यान्वयन भैरहेको । | |
| स्वास्थ्य | • मंसिरको पहिलो हप्तामा विद्यालयमा जुकाको औषधी वितरण<br>• भ्याक्सिनेटर र अहेबहरुको करार नियुक्ति प्रक्रिया सम्पन्न<br>• सबै स्वास्थ्य चौकीहरुको भौतिक सामाग्रीहरु खरिद तथा वितरण सम्पन्न<br>• पाठेघर स्क्रिनिङ औजार खरिद भैसकेको माघ महिनामा शिविर सञ्चालन गर्ने योजना<br>• मंसिर ५ मा स्वयंसेविका दिवस मनाइसकिएको<br>• मंसिर ८, ९ र १० मा रुकुमकोटमा हुने बन्ध्याकरण शिविर अगावी मस्वासेहरुको बैठक सम्पन्न | |
| पूर्वाधार विकास | • अनुपस्थित | |
| शिक्षा (स्रोत व्यक्ति) | • मंसिरमा घुम्ति प्रअ बैठक १ त्रिभूवन आवि खाबाङमा<br>• ७ ठाउँमा पढाई मेला<br>• १ विव्यस गठन<br>• समस्या: शिक्षक दरबन्दीमा कमी, शिक्षकहरुको गैरजिम्मेवारी, विद्यार्थीको अनुपस्थिति, भौतिक तथा शैक्षिक सामाग्रीको अभाव, अधिकांश विद्यालयमा व्यवस्थापनका लागि आर्थिक समस्या, शिक्षा ऐन नियमावलीमा विव्यस द्विविधा, बैंक खाता खोल्नेमा द्विविधा, शिक्षा क्षेत्र सुधारका लागि नीति नै अलमल भएको जस्तो महसुस भएको गुनासो,<br>• सुझाव: शिक्षक महासंघ, प्रअबाट सुझाव संकलन गर्दा राम्रो, | |
| ICT Center | • परिचयपत्र सबैको तयार भएको<br>• सामाजिक सुरक्षा लाभग्राहीको अद्यावधिक<br>• कम्प्यूटर सम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने | |
| कृषि सेवा | • दोस्रो चौमासिकमा तरकारी बिउ वितरण कार्य भैरहेको | छ |

| | | |
|---|---|---|
| (खिम ब रोकाय) | • साना सिंचाईका लागि निवेदन माग हालसम्म ४ वटा मात्र (म्याद बढाउनुपर्ने)<br>• फ्रुट र ग्रिन करिडोरका लागि तत्काल छलफल गरेमा योजना बनाई कार्यान्वयन गर्नुपर्ने<br>• दाँते ओखरको बीउ र जङ्गली स्याउको बीउ जुम्लामा खरिद भएको ढुवानी गर्न बाँकी<br>• तरकारी खेतीका लागि प्लाष्टिक टनेल ४३ वितरण लक्ष्यमा ३५ वटा मात्र माग प्राप्त भएको छ ।<br>• औजार उपकरणहरु वितरणका लागि ३ वटा विद्युतीय घट्ट र १ वटा पावर टिलरको माग आएको छ ।<br>• मारिङमा गोरुको गोठ बनाउने काम सम्पन्न भएको छ ।<br>• **समस्याः** | |
| पशु सेवा | • *अनुपस्थित* | छ |
| महिला बालबालिका | • *अनुपस्थित* | |

वडागत मा सक प्रगति प्रतिवेदन

| वडा | व्यक्तिगत घटना | नागरिकता | व्यवसाय दर्ता | अन्य सिफारिश | जानकारी पत्र | अन्य प्रमाणित | नाता प्रमाणित | वडा बैठक | प्रगति | समस्या चुनौति | VERSP | हाजिरी | रिपोर्ट | आम्दानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ नं वडा | २१ | नया १४<br>प्रतिलिपी ४ | | मालपोत १५<br>विविध ४५ | | | ८ | २ | • प्रथम चौमासिक योजना ४ मा सबै सिफारिश<br>• दोस्रो चौः १० मा सबै समिति गठन<br>• अनुगमनः दुई तीन पटक | • नाप्रप लिइसकेको थर दमाईबाट परियार बनाउन खोजिरहेको छ<br>• व्यवसाय दर्तामा हेलचक्र्याईं | छ | छ | छ | १९७०० |
| २ नं वडा | | | | | | | | | • | | | | | अनुपस्थित |
| ३ नं वडा | ४६ | नयाः १०<br>प्रतिलिपी ३ | १ जडिबुटी | | | ० | ० | २ | • प्रथम चौ ८ मा २ बाँकी रोड | • व्यक्तिगत घटना दर्ता | छ | छ | छ | १७३७५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | • दो चौ १२ मा ५ मात्र सिफारिश<br>• अनुगमनः | | | | | |
| ४ नं वडा | ७ | नयाः प्रतिलिपीः | ० | पहलबाट सामाज बुझिलिएको | १ | ० | १ | २ | • प्रथम चौमासिक योजना ३ मा १ सम्पन्न<br>• काम सम्पन्नः १<br>• दोस्रो चौमासिकका ८ योजना समिति गठन | • अनुगमन संयुक्त हुन नसकेको व्यक्ति व्यक्तिबाट<br>• २० प्रतिशत अग्रिमले समिति गठन ढिलाई | छ | छ | छ | १४२९४ |
| ५ नं वडा | १४ | नयाः ८ | ० | २० | २ | ३ | | ४ | • प्रथम चौमासिक योजनाः २ सम्पन्न र भु<br>• दो चौः ८ मा २ सम्झौता<br>• समिति गठनः ४<br>• महिला विकास समितिको वैठकको | • महिला समितिको नियमित वैठक बसेपनि अनुगमन नभएकोले माग<br>• विव्यस समिति निश्क्रिय<br>• विकासमा नागरिक निश्क्रियता | छ | छ | छ | २३१५३ हालसम्म ५६६२१ मा ४१७३५ दाखा |
| ६ नं वडा | | | | | | | | | • प्रथम चौमासिक योजनाः<br>• काम सम्पन्नः ०<br>• सम्झौताः<br>• समिति गठनः | • | | | | अनुपस्थित |
| ७ नं वडा | २८ नयाँ | | ० | | २ | १ | ६ | १ | • प्रथम चौ योजनाः ३ सम्झौता<br>• काम सम्पन्नः १ भुक्तानी १<br>• दो चौः १ सम्झौता | • | छ | छ | छ | ५४३०७ मंसिरमा |
| ८ नं | ३८ | नयाः १८ | | १६ | | ४ | | | • प्रथम चौमासिक योजनाः | • | छ | छ | छ | २२०८७ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | १ निशुल्क | प्रति ११ | | | | | | | ५ सबै सिफारिश<br>• दो चौ. १३ मा १२ समिति गठन र सिफारिश २ सम्पन्न<br>• चोरकाटे< बाखेखोर, कुनपानीमा पुलको सर्भे भएको<br>• बोयर बोका स्वस्थ रहेको | • कोर्जा विव्यस परिवर्तन<br>• २ मेलमिलाप कार्य<br>• सुनौलो हजार दिने कार्यक्रम<br>• सामाजिक सुरक्षा भत्ता | | | | |
| ९ नं वडा | २६ | नयाँ ८ सतिलिपी २ | १ | २० | ६ | ७ | ५ | ३ | • प्र.चौ. योजनाः १७ मा ३ बाँकी सम्पन्न<br>• दो चौः १७ सबै समिति गठन<br>• समिति गठनः १७ सबै<br>• अनुगमनः ३ वटा | • कोर्जा विव्यस परिवर्तन | छ | छ | छ | २९६१९ |

**अध्यक्षको मन्तव्यबाटः**

- गाउँपालिकाबाट प्राप्त सूचना प्राप्त हुने वित्तिकै वडा समितिको बैठक बोलाउनुपर्ने र वडा कार्यालय र गाउँपालिकाबिच सूचना तथा समन्वयको अभावलाइ कम गर्नुपर्ने ।
- योजना कार्यान्वयनलाई प्रभावकारी गराउन तदारुकताका साथ लाग्नु पर्ने र विषयगत शाखाले आ-आफ्ना कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गर्ने गराउने।
- ग्रिन करिडोर र फ्रुट करिडोरलाई सँगसगै लिएर मध्यपहाडीको पहिरो नजाने र दाँते ओखर वितरण ओखर जोन कार्यक्रम लागू नभएकामा वितरण गर्नुपर्छ ।
- विद्यालयहरुमा अनुगमन मूल्याङ्कनलाई कडाइका साथ लागू गरी दण्ड र पुरस्कारको नीति कार्यान्वयन गर्नुपर्ने छ । शैक्षिक क्षेत्र सुधारका लागि निकै नै मेहनत गरेको खण्डमा आकाशपाताल परिवर्तन नभए पनि खराबमा राम्रो गुणसम्म ल्याउन सकिन्छ । प्रशासनको पाटो कडाइ गर्नु त आवश्यक छ नै । दण्ड र पुरस्कारको नीति लागू गर्न वस्तुगत डाटा चाहियो ।
- यस वर्ष थप भनेको शिक्षक, कृषक, पर्यटन व्यवसायी, नीति तर्जुमा गर्ने जनप्रतिनिधि र कर्मचारीहरुको एकीकृत सिकाई भ्रमण कार्यक्रम गरिनेछ । एक क्षेत्रको अध्ययन गर्दा अन्य क्षेत्रले पनि सिकोस् । यसका लागि यस वर्ष कति विद्यालयलाई लिन सकिन्छ ¿त्यसको आधार पनि खोज्नुपर्छ ।
- सेवा प्रवाहको सन्दर्भमा जनगुनासोहरु आउँछन् । आएका गुनासोहरु नियोजितलाई त केही गर्न सकिन्न खास गुनासोहरुलाई सबै शाखा कार्यालयबाट छिटो छरिटो ढङ्गले प्रवाह गर्न कर्मचारीले विशेष योगदान गरिरहनुभएको छ । यसलाई निरन्तरता दिनुहोस् । यो गाउँपालिका ७५३ मध्ये एउटा र विशेष बनाउने हात र जिम्मेवारी कर्मचारीहरुमै छ । म तपाईहरुसँग विश्वस्त छु ।

**निर्णय नं. २**

दोस्रो तथा तेस्रो चौमासिक योजना कार्यान्वयन गर्ने सिलसिलामा यही पौष मसान्तभित्र सम्झौताभित्र गरिसक्ने र सो अवधिभित्र सम्झौता गर्न नआउने उपभोक्ता समितिको विकल्प खोजिने तथा गाउँपालिकाबाट कार्यन्वयन गरिने कार्यक्रम/योजना/आयोजना/परियोजनाको वडा स्तरीय अनुगमन समितिले अनुगमन तथा मूल्याङ्कन निरन्तर गरी गाउँपालिकामा प्रतिवेदन पठाउने ।

**निर्णय नं. ३**

विद्युतीय सुशासन, सूचना प्रवाह तथा परिचालनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यालयको वेभसाइट नियमित रुपमा सबै कार्यालय तथा कर्मचारीहरुले लगअन गर्ने, नोटिस बोर्ड नम्बर नियमित चेक गर्ने तथा भ्रमण/अनुगमन प्रतिवेदन तथा मासिक प्रतिवेदनहरु र अन्य प्रतिवेदनहरु मासिकरुपमा नियमित प्रकाशन गर्ने ।

**निर्णय नं. ४**

लक्षित वर्गको योजना प्रभावकारी कार्यान्वयन गर्न वडा समितिले आवश्यकताका आधारमा लागत अनुमान तयार गरी कार्य योजना बनाई गाउँपालिकासँग सम्झौता गरेर तत्काल कार्यन्यन गराउन समन्वय गर्ने ।

**निर्णय नं. ५**

गाउँपालिकाका कार्यरत कर्मचारी तथा निर्वाचित जनप्रतिनिधिहरुको व्यैक्तिक विवरण अद्यावधी गर्ने प्रयोजनार्थ तोकिएको ढाँचामा फाराम भराई ७ दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा सबै निकायले अनिवार्यरुपमा पठाउने ।

**निर्णय नं. ६**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/०८/२८ को परिपत्र बमोजिम सरकारी कर्मचारी समायोजनको लागि सहज र सुलभ रुपमा अनलाइन फाराम भर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयमा बिहान ८ बजेदेखि साझ ६ बजेसम्म सञ्चालन हुने गरी हेल्प डेस्क स्थापना गर्ने ।

# परिच्छेद तीनः समस्या तथा चुनौति र अवसरहरु

साविकको स्थानीय निकायबाट स्थानीय तहको रुपमा परिवर्तन भएपछि संवैधानिक रुपमा नै अधिकारको बाँडफाँड भएर कार्यजिम्मेवारी र अधिकारमा बढोत्तरी भएको छ । जननिर्वाचित प्रतिनिधिहरुमार्फत स्थानीय सरकार सञ्चालन गर्ने कानूनी व्यवस्था बमोजिम भूमे गाउँपालिकाले पनि स्थानीय प्रतिनिधिहरुमार्फत आफ्नो गाउँपालिकाको विकास र समृद्धिका लागि कानून, नीति, योजना निर्माण गर्ने आफ्नो संयनत्र मार्फत कार्यान्वयन गर्नेसम्मका कार्यहरु गरिरहेको छ । संघात्मक व्यवस्था बमोजिम तीन तहको सरकारमध्ये स्थानीय सरकारको हैसियत प्राप्त गर्नु आफैमा राम्रो हो । स्थानीय सरकार सञ्चालन र नीति, बजेट तथा योजना तर्जुमा तथा कार्यान्वयनका सन्दर्भमा देखिएका सबल र कमजोर पक्ष तथा गाउँपालिकाको विद्यमान चुनौति र अवसरहरुलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

## ३.१ सबल पक्ष

- राजनैतिक स्थिरताका साथै सबै गाउँ टोल वडामा स्थानीय जनप्रतिनिधि रहेको ।
- मध्यपहाडी लोकमार्गले गाउँपालिकाको अधिकांश भाग (पूर्व-पश्चिम) समेटेको ।
- शहिद मार्गले गाउँपालिकाको उत्तर दक्षिण जोड्ने अधिकांश भाग समेट्ने ।
- गाउँपालिकाको योजना बैंक तथा गुरुयोजना तयार भएको ।
- भाषिक, सांस्कृतिक, सामुदायिक विशिष्टता र एकता ।
- स्थानीय जनप्रतिनिधि र कर्मचारीबीच क्षेत्राधिकार स्पष्ट र राम्रो तालमेल भएको ।
- हावापानी सुहाउँदो कृषि उत्पादन, पशु व्यवसायका लागि प्रचुर सम्भावना रहेको ।
- सामाजिक संस्कारको रुपमा रहेको झारा प्रथा, सामूहिक कार्यलाई विकास गतिविधिमा जोड्न सकिने ।
- स्थानीय वन, खनिज (तामा, फलाम, सिसा लगायतको) प्राकृतिक स्रोत भएको ।

## ३.२ कमजोर पक्ष

- स्थानीयमा चेतनाको कमीका कारण विकासमा उदाशीनता ।
- बेरोजगार जनशक्ति ।
- अधिकांश यूवा जनशक्ति वैदेशिक रोजगारमा भएकाले गाउँमा यूवा जनशक्ति नभेटिने ।
- क्षेत्रगत रुपमा स्थानीय दक्ष जनशक्तिको अभाव ।
- श्रमप्रतिको आस्थामा कमी
- स्थानीय स्तरमा श्रम गर्नेले सम्मान नपाउनु ।

- गाउँपालिकाको मानव विकास सूचकांक, स्वास्थ्य शिक्षा क्षेत्र सन्तोषजनक नहुनु ।
- स्थानीय व्यवसायी र विकास सरोकारवालाहरुको कमजोर आर्थिक तथा व्यवस्थापकीय क्षमता ।

## ३.३ अवसर

- अधिकार सम्पन्न स्थानीय सरकार भएकाले माटो र हावापानी सुहाउँदो विकास योजना छनौट र कार्यान्वयन गर्ने वातावरण बन्नु ।
- विगतको युद्धले स्थानीयबासीमा राजनैतिक चेतना र जनचेतनाको विस्तार हुनु ।
- युद्ध पर्यटन, पर्यापर्यटन र सांस्कृतिक पर्यटनको पूर्वाधार हुनु ।
- द्वन्द्व र द्वन्द्वपछिको विकासका सम्बन्धमा अध्ययन स्थल र मौलिक भाषा संस्कृतिको अवसर हुनु ।
- स्थानीय वन, खनिज (तामा, फलाम, सिसा लगायतको) प्राकृतिक स्रोतको मात्रा प्रचुरता हुनु ।
- मगर समुदायको भाषा संस्कृतिलाई ब्राण्डिङ गर्न सकिने सम्भावना हुनु ।
- नयाँ जिल्ला भएकाले नेपाल सरकार, प्रतिनिधि, विकास साझेदार लगायतका सरोकारवाला पक्षकहरुको चासो रहनु ।
- स्थानीय स्रोत साधनहरुको समुचित ढङ्गले उपयोग गरी विकास निर्माण तथा आय आर्जनका लागि लगानीको सम्भावना बढ्नु ।
- योजना तर्जुमा, वर्गीकरण तथा विकास क्रियाकलापमा सबैको चासो बढ्नु ।

## ३.४ चुनौति

- स्थानीयबासीको आर्थिक, सामाजिक तथा भौतिक विकासमार्फत जीवनस्तर माथि उठाउनु ।
- सामुदायिक विद्यालयको गुणस्तर कायम गरी मानव विकास गर्नु ।
- दक्ष जनशक्ति विकासका साथै बेरोजगार युवालाई रोजगार प्रदान गरी विदेश पलान हुनबाट रोक्नु ।
- प्रयोगविहिन साँस्कृतिक, प्राकृतिक तथा कृत्रिम स्रोत साधनहरुलाई प्रयोगमा ल्याउनु ।
- स्थानीय परम्परागत उपचार पद्धति र अस्पतालको उपचार पद्धितिमा सामन्जस्यता ल्याई हरेक जनताको स्वास्थ्य संस्था र गुणस्तरीय सेवामा पहुँच पुऱ्याउनु ।
- जनअपेक्षा र आवश्यकताहरु परिपूर्ति गर्न स्थानीय सरकारले प्रभावकारी सुशासनको प्रत्याभूति गराउनु ।
- गुणस्तरीय पूर्वाधार निर्माण र व्यवस्थापनका लागि स्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि र समन्वय कायम गर्नु ।
- विकास योजनाको छनौटदेखि कार्यान्वयन र प्रतिफल बाँडफाँडसम्म सबैको समान अधिकार र अपनत्व कायम राख्नु ।
- वैदेशिक रोजगारीबाट आएको रेमिट्यान्सलाई स्थानीय पूँजीको रुपमा परिचालन गर्नु ।

# परिच्छेद चार: निश्कर्ष र सुझाव

## ४.१ निश्कर्ष:

चालु आर्थिक वर्ष २०७५/०७६ को बजेट, नीति तथा कार्यक्रममा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको सन्दर्भमा मंसिर महिनाको क्रियाकलाप सन्तोषजनक रहेको छ। गाउँपालिका अन्तर्गतका शाखागत प्रगति प्रतिवेदन हेर्दा पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा र प्रशासन तथा योजना अनुगमन मूल्याङ्कन शाखाबाट भएको कामको प्रगति प्रशंसनीय छ। यसैगरी कृषि र पशु सेवा तर्फको प्रगति पनि सकारात्मक छ। वडागत रुपमा सबै वडाहरुमा सन्तुलित किसिमले सेवा प्रवाह र योजना कार्यान्वयन सन्तोषजनक रुपमा भएको निश्कर्ष निकालिएको छ।

## ४.२ सिफारिश:

चालु आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रमको ध्येय बमोजिम वार्षिक बजेट, नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले समयसीमाभन्दा अगावै सम्पन्न गर्न कार्यालयको तर्फबाट देहाय बमोजिमको क्रियाकलापहरुमा जोड दिनुपर्ने देखिन्छ।

१. चालु आर्थिक वर्षमा सञ्चालन हुने आयोजनाहरु सम्झौता हुन बाँकी सबैलाई पौष मसान्तभित्र लागत अनुमान डिजाइन तयार गरी सम्झौता गरी कार्यस्थलमा काम थालनी गर्नुपर्ने।
२. उपभोक्ता समिति, गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिको पूर्ण कार्यान्वयन गर्न उपभोक्ता समितिहरुलाई अभिमुखीकरण तालिम दिनुपर्ने।
३. योजनालाई छिटो सञ्चालन तथा सम्पन्न र गुणस्तर कायम गर्न योजना कार्यान्वयनको चरणमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सघन बनाई वास्तविक र विश्वनीय तुल्याउन समयतालिका बनाई कार्यान्वयन गर्ने।
४. हरेक अनुगमन मूल्याङ्कन तथा भ्रमणको प्रतिवेदन एकीकृत गरी प्रकाशनको व्यवस्था मिलाउने।
५. वास्तविका कामको मूल्याकन गरी फर्जी कार्यहरुलाई निरुत्सिहत तुल्याउन सजगता अपनाउने।
६. गाउँपालिका कार्यालयबाट सेवाग्राहीले दुःख नपाउने स्थितिको अन्त्य गर्न वडा कार्यालयहरुबाट स्वीकृत कार्यक्रम बेग आफूखुसी शीर्षक परिवर्तन गर्ने काम नगर्ने। साथै, सिफारिश गर्दा वडामा सम्पूर्ण कागजात र प्रक्रिया पुगेमा मात्र सिफारिश गर्ने।
७. आर्थिक कारोबार, लेखा, योजना तथा कार्यक्रमसँग सम्बन्धित अभिलेखलाई व्यवस्थित गर्नुपर्ने।
८. गाउपालिकाको पार्श्वचित्रलाई द्वितीय स्रोतका अलावा प्राथमिक स्रोतमा समेत आधारित डिजिटल प्रणालीमा तयार गर्नुपर्ने।
९. नवनियुक्त कर्मचारीहरुलाई सेवा प्रवेश तालिम र पुरानालाई पुनर्ताजगी तालिम सञ्चालन गर्नुपर्ने।
१०. आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तर सञ्चार समन्वय प्रणाली प्रभावकारी बनाउनुपर्ने।
११. नागरिक वडापत्र, गुनासो सुनुवाई संयन्त्रको प्रभावकारिता, गुनासो पेटिका आदिको प्रभावकारी प्रयोग गरी पृष्ठपोषणको कार्यान्वयन गर्ने ।

***धन्यवाद !***